# विधेयकमा प्राप्त संशोधन सूचनाहरूको एकीकृत विवरण

(प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११४ सँग सम्बन्धित)

**विधेयकको नामः** अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) विधेयक, २०८१

## संशोधनको सूचना पेस गर्नुहुने माननीय सदस्यहरू (दर्ताको क्रमानुसार)

| दर्ता नं. | माननीय सदस्यहरूको नाम, थर |
|---|---|
| १. | मा. परशुराम तामाङ्ग |
| २. | मा. गणेश बहादुर विश्वकर्मा |
| ३. | मा. डा. प्रमिला कुमारी गच्छदार |
| ४. | मा. गणेश पराजुली |
| ५. | मा. नरेन्द्र कुमार केरुङ |
| ६. | मा. सुम्नीमा उदास |
| ७. | मा. सुशील खड्का |
| ८. | मा. अनुश्का श्रेष्ठ |
| ९. | मा. प्रकाश चन्द्र परियार |
| १०. | मा. भुमिका लिम्बु सुब्बा |
| ११. | मा. कुल भक्त शाक्य |

| दर्ता नं. | माननीय सदस्यहरूको नाम, थर |
|---|---|
| १२. | मा. ऐन बहादुर महर |
| १३. | मा. गणेश कार्की |
| १४. | मा. गुरु प्रसाद बराल |
| १५. | मा. कमल सुबेदी |
| १६. | मा. समिक्षा बास्कोटा |
| १७. | मा. सुलभ खरेल |

संशोधनको विवरणः

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| १. | मा. परशुराम तामाङ्ग | प्रस्तावना | **प्रस्तावनामा रहेको,**<br>- **"ले परम्परागत रूपमा अभ्यास तथा पुस्तान्तरण गर्दै आएका"** भन्ने शब्दहरूको सट्टामा **"पुस्तौदेखि प्रचलनमा रहेका आदिवासी तथा परम्परागत ज्ञान, सिप तथा अभ्यास जस्ता"** भन्ने शब्दहरू राख्नुपर्ने। |
| २. | मा. गणेश पराजुली | प्रस्तावना | **प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राख्नुपर्नेः**<br>- "नेपालमा बसोबास गर्ने व्यक्ति, समूह वा समुदायले परम्परागत रूपमा अभ्यास तथा पुस्तान्तरण गर्दै आएका अभौतिक सांस्कृतिक सम्पदाको पहिचान गरी अभिलेखीकरण, संरक्षण, प्रवर्धन, पुस्तान्तरण, समुदायको अग्राधिकार, सांस्कृतिक विविधताको सम्मान, सामाजिक सद्भाव, समावेशी राष्ट्रिय एकता तथा भावी पुस्ताको हित सुनिश्चित गर्न वाञ्छनीय भएकाले,<br>सङ्घीय संसदले यो ऐन बनाएको छ।" |
| ३. | मा. कमल सुबेदी | प्रस्तावना | **प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राख्नुपर्नेः**<br>- "नेपालमा बसोबास गर्ने थारू, आदिवासी जनजाति लगायत विभिन्न जाति, क्षेत्र र समुदायले विकास गरेका अभौतिक सांस्कृतिक सम्पदालाई युनेस्कोको विश्वव्यापी मान्यताको आधारमा पहिचान, संरक्षण, पुनर्जीवीकरण र भविष्यमुखी प्रवर्धन गर्न वाञ्छनीय भएकाले," |
| ४. | मा. सुलभ खरेल | प्रस्तावना | **प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राख्नुपर्नेः**<br>- "नेपालभित्र तथा विदेशमा बसोबास गर्ने नेपाली व्यक्ति, समूह तथा समुदायले परम्परागत रूपमा अभ्यास तथा पुस्तान्तरण गर्दै आएका अभौतिक सांस्कृतिक सम्पदाको पहिचान, संरक्षण र प्रवर्धन गर्न वाञ्छनीय भएकाले," |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| ५. | मा. गणेश बहादुर विश्वकर्मा | १ | <u>**उपदफा (१) मा रहेको,**</u><br>- **"अभौतिक"** भन्ने शब्दको सट्टा **"मौलिक"** भन्ने शब्द राख्नुपर्ने। |
| ६. | मा. सुशील खड्का | १ | <u>**उपदफा (१) मा रहेको**</u><br>- **"अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) ऐन, २०८१"** भन्ने शब्दहरूको सट्टा **"नेपालको अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) ऐन, २०८१"** भन्ने शब्दहरू राख्नुपर्ने। |
| ७. | मा. गणेश कार्की | १ | <u>**उपदफा (१) मा रहेको**</u><br>- विधेयकको **"अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) ऐन, २०८१"** भन्ने नामको सट्टा **"अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) ऐन, २०८३"** भन्ने नाम राख्नुपर्ने। |
| ८. | मा. परशुराम तामाङ्ग | २ | <u>**खण्ड (क) मा रहेको,**</u><br>- **"नेपाली"** भन्ने शब्दको सट्टा **"आदिवासी तथा स्थानीय जातीय, धार्मिक, भाषिक"** भन्ने शब्दहरू राख्नुपर्ने।<br><u>**खण्ड (क) को उपखण्ड (४) मा रहेको,**</u><br>- **"प्राकृतिक स्रोतको उपयोग"** भन्ने शब्दहरू पछि **"बोन/झाँक्री/आम्ची, परम्परागत जैविक तथा ओखतीजन्य ज्ञान, सिप, अभ्यास"** भन्ने शब्दहरू थप गर्नुपर्ने।<br>- **"प्रकृति र ब्रह्माण्डसम्बन्धी ज्ञान"** भन्ने शब्दहरूलाई **"प्रकृति र विश्व जगतसम्बन्धी ज्ञान"** भन्ने शब्दहरू बनाई त्यसलाई छुट्टै उपखण्डमा राखी उपखण्डक्रम मिलाउनुपर्ने।<br><u>**खण्ड (छ) मा रहेको,**</u> |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | - **"नेपाली समुदाय"** भन्ने शब्दहरूको सट्टा **"नेपालमा बसोबास गर्ने जातीय, धार्मिक, सांस्कृतिक, भाषिक एवम् आदिवासी तथा स्थानीय समुदाय"** भन्ने शब्दहरू राख्नुपर्ने। |
| ९. | मा. गणेश बहादुर विश्वकर्मा | २ | **खण्ड (क) को,**<br>- **उपखण्ड (६) पछि देहायको उपखण्ड (७) थप गरी उपखण्डक्रम मिलाउनुपर्ने:**<br>"(७) "देउडा खेल,"<br>**खण्ड (झ) पछि देहायको खण्ड (ञ) थप गर्नुपर्ने:**<br>**"(ञ) "सांस्कृतिक न्याय"** भन्नाले ऐतिहासिक रूपमा सीमान्तकृत, दलित, आदिवासी तथा लोपोन्मुख समुदायको सम्मान, संरक्षण, प्रतिनिधित्व तथा लाभमा समान पहुँच सुनिश्चित गर्ने सम्झनुपर्छ।" |
| १०. | मा. गणेश पराजुली | २ | **खण्ड (झ) पछि देहायका खण्ड (ञ), (ट) र (ठ) थप गर्नुपर्ने:**<br>"(ञ) "पूर्व सुसूचित सहमति" भन्नाले सम्बन्धित समुदाय, अभ्यासकर्ता वा संस्थालाई प्रस्तावित अभिलेखीकरण, प्रकाशन, प्रसारण, अनुसन्धान, व्यावसायिक उपयोग वा अन्य उपयोगको उद्देश्य, विधि, सम्भावित प्रभाव र लाभबारे स्पष्ट जानकारी दिई प्राप्त गरिएको लिखित वा प्रमाणित सहमति सम्झनु पर्छ।<br>(ट) "सांस्कृतिक लाभ साझेदारी" भन्नाले अभौतिक सांस्कृतिक सम्पदाको उपयोगबाट प्राप्त आर्थिक, सामाजिक, शैक्षिक वा संस्थागत लाभ सम्बन्धित समुदायसँग न्यायोचित रूपमा बाँडफाँट गर्ने व्यवस्था सम्झनु पर्छ।<br>(ठ) "अभ्यास स्थल" भन्नाले अभौतिक सांस्कृतिक सम्पदाको अभ्यास, अनुष्ठान, जात्रा, पर्व, परम्परा, खेल, सिप वा ज्ञान पुस्तान्तरण गर्दै आएको स्थल, मार्ग, परिसर वा सांस्कृतिक वातावरण सम्झनु पर्छ।" |
| ११. | मा. अनुश्का श्रेष्ठ | २ | **खण्ड (क) भित्र रहेका (१) देखि (१२) सम्मका उपखण्डहरू हटाई देहायबमोजिमको वर्गीकरण राख्नुपर्ने:**<br>(१) मौखिक परम्परा, अभिव्यक्ति, भाषा तथा लिपि,<br>(२) संगीत, ध्वनि, वाद्यवादन तथा प्रदर्शन कला, |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (३) सामाजिक अभ्यास, पूजा तथा धार्मिक-सांस्कृतिक अनुष्ठान, उपचार परम्परा, संस्कार, जात्रा तथा पर्व,<br>(४) प्रकृति, कृषि, जल, वन, बीउ, परम्परागत उपचार तथा ब्रह्माण्डसम्बन्धी ज्ञान र अभ्यास,<br>(५) परम्परागत सिप, पाकविधि, बुनाइ, हस्तकला, अलङ्कार, शृङ्गार, वस्त्र तथा उत्पादन विधि,<br>(६) खाद्य संस्कृति,<br>(७) सांस्कृतिक पथ, सांस्कृतिक स्थल तथा जीवित सांस्कृतिक अभ्यास। |
| १२. | मा. भुमिका लिम्बु सुब्बा | २ | <u>उपखण्ड (१) मा रहेको</u> ,<br>- **"पुस्तौंदेखि बोल्दै, सुन्दै, सुनाउँदै आएको ज्ञान, कथा, गीत, कविता, भनाई, उखान टुक्का, किम्बदन्ती, मौखिक इतिहास वा यस्तै प्रकृतिको मौखिक परम्परा वा अभिव्यक्ति"** भन्ने शब्दहरू पछि **"सामाजिक, सांस्कृतिक र लोकतान्त्रिक आन्दोलनका क्रममा सिर्जना भएका सांस्कृतिक अभिव्यक्ति, गीत, संगीत, कविता, र सामूहिक स्मृतिसँग सम्बन्धित"** भन्ने शब्दहरू थप गर्नुपर्ने। |
| १३. | मा. कुल भक्त शाक्य | २ | <u>खण्ड (क) को उपखण्ड (१) मा देहायका शब्दहरू थप गर्नुपर्ने:</u><br>- "सामाजिक, सांस्कृतिक र लोकतान्त्रिक आन्दोलनका क्रममा सिर्जना भएका सांस्कृतिक अभिव्यक्ति, गीत, संगीत, कविता र सामूहिक स्मृतिसँग सम्बन्धित" |
| १४. | मा. कमल सुबेदी | २ | <u>खण्ड (क) मा रहेको</u><br>- **"अभौतिक सांस्कृतिक सम्पदा" भन्नाले...सम्झनु पर्छ"** भन्ने शब्दहरूको सट्टा **"अभौतिक सांस्कृतिक सम्पदा" भन्नाले नेपालका थारू तथा आदिवासी जनजाति लगायत विभिन्न समुदायको रैथाने मौलिक अमूर्त विधा (मौखिक इतिहास, प्रदर्शनकारी कला, बड्का नाच, जितिया, साकेला जस्ता पर्व, शिल्प र रैथाने ज्ञान पद्धति) सम्झनु पर्छ र यसले सोसँग सम्बन्धित उपकरण र सांस्कृतिक स्थललाई समेत जनाउँछ"** भन्ने शब्दहरू राख्नुपर्ने। |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
| --- | --- | --- | --- |
| १५. | मा. समिक्षा बास्कोटा | २ | उपखण्ड (८) मा रहेको<br>- "**ज्ञान**" भन्ने शब्दपछि "**सिप वा तयार गर्ने विधि**" भन्ने शब्दहरू थप गर्नुपर्ने। |
| १६. | मा. सुलभ खरेल | २ | खण्ड (क) को उपखण्ड (१) मा रहेको<br>- "**पुस्तौंदेखि बोल्दै, सुन्दै, सुनाउँदै आएका कथा, गीत, संगीत, कविता,**" भन्ने शब्दहरू पछि "**भजन–कीर्तन**" भन्ने शब्दहरू थप गर्नुपर्ने।<br>**खण्ड (ख) पछि देहायको खण्ड (ग) थप गरी सो पछिको खण्डक्रम मिलाउनुपर्नेः**<br>"(ग) "कोष" भन्नाले दफा ११ बमोजिम स्थापना भएको अभौतिक सांस्कृतिक सम्पदा कोष सम्झनु पर्छ।" |
| १७. | मा. परशुराम तामाङ्ग | ३ | **उपदफा (३) मा रहेको,**<br>- "**संस्थाको**" भन्ने शब्दपछि "**पूर्व, स्वतन्त्र र सुसूचित**" भन्ने शब्दहरू थप गर्नुपर्ने।<br>**उपदफा (५) मा रहेको,**<br>- "**सहभागिता**" भन्ने शब्दपछि "**र सहमति**" भन्ने शब्दहरू थप गर्नुपर्ने। |
| १८. | मा. डा. प्रमिला कुमारी गच्छदार | ३ | **उपदफा (५) मा रहेको,**<br>- "**सहमति लिने**" भन्ने शब्दहरूको सट्टा "**सम्बन्धित समुदायको स्वतन्त्र, अग्रिम र सुसूचित सहमति (FPIC) लिखित रूपमा लिने**" भन्ने शब्दहरू थप गर्नुपर्ने। |
| १९. | मा. गणेश पराजुली | ३ | उपदफा (५) पछि देहायको उपदफा (६) थप गर्नुपर्नेः |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | "(६) यस दफा बमोजिम अभिलेखीकरण गर्दा सम्बन्धित समुदायको पूर्व सुसूचित सहमति, सांस्कृतिक संवेदनशीलता, गोपनीयता, पवित्रता, परम्परागत अभ्यासको मर्यादा र सम्भावित व्यावसायिक उपयोगबाट हुने लाभ साझेदारी सुनिश्चित गर्नुपर्नेछ।" |
| २०. | मा. सुशील खड्का | ३ | **उपदफा (५) पछि देहायको उपदफा (६) थप गर्नुपर्नेः**<br>"(६) कुनै पनि व्यक्ति, समूह, स्थानीय तह वा गैरसरकारी संस्थाले आफ्नै पहलमा अभौतिक सांस्कृतिक सम्पदाको कुनै पनि प्रकारको अभिलेखीकरण, अनुसन्धान, वा श्रव्य-दृश्य सामग्री तयार पारेमा त्यसको एक प्रति अनिवार्य रूपमा सम्बन्धित स्थानीय तह वा मन्त्रालयमा बुझाउनु पर्नेछ।" |
| २१. | मा. कमल सुबेदी | ३ | **उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्नेः**<br>"(३) अभिलेखन र सूचीकरण गर्नु अघि सम्बन्धित थारू वा आदिवासी जनजाति समुदायको पूर्व सुसूचित मन्जुरी (Prior Informed Consent) र सक्रिय सहभागिता अनिवार्य हुनेछ तर मन्जुरी बिना सांस्कृतिक गोपनीयता भङ्ग हुने गरी कुनै कार्य गरिने छैन।" |
| २२. | मा. परशुराम तामाङ्ग | ४ | **उपदफा (४) पछि देहायको उपदफा (५) थप गरी उपदफाक्रम मिलाउनुपर्नेः**<br>"(५) त्यस्तो सूचीकृत सम्पदामाथि संरक्षणकर्ता समुदाय र भूगोलको अग्राधिकार हुनेछ।" |
| २३. | मा. गणेश बहादुर विश्वकर्मा | ४ | **उपदफा (५) पछि देहायको उपदफा (६) थप गर्नुपर्नेः** |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | "(६) पञ्चेबाजा, वादी समुदायको सांगीतिक तथा सांस्कृतिक परम्परा, दमाईं बाजा र नौमती परम्परा, गन्धर्व लोकतान्त्रिक परम्परा, कामी समुदायको परम्परागत धातु, मुसहर समुदायको माटोको ज्ञान लगायत सूचीकृत गर्नु पर्नेछ।" |
| २४. | मा. गणेश पराजुली | ४ | <u>उपदफा (५) पछि देहायका उपदफा (६) र (७) थप गर्नुपर्नेः</u><br>“(६) राष्ट्रिय सूची तयार वा अद्यावधिक गर्दा लोपोन्मुख, संकटापन्न, पुस्तान्तरण कमजोर भएको, सीमान्तकृत समुदायसँग सम्बन्धित, स्थानीय जीविकोपार्जनसँग जोडिएको वा राष्ट्रिय सांस्कृतिक सद्भावमा योगदान पुऱ्याउने अभौतिक सांस्कृतिक सम्पदालाई प्राथमिकता दिनुपर्नेछ।<br>(७) राष्ट्रिय सूची नेपाली भाषाका साथै सम्भव भएसम्म सम्बन्धित समुदायको भाषा वा लिपिमा समेत सार्वजनिक गर्न सकिनेछ र सो सूचीको डिजिटल अभिलेख सुरक्षित राखिनेछ।” |
| २५. | मा. सुशील खड्का | ४ | <u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्नेः</u><br>“(१) मन्त्रालयले राष्ट्रिय स्तरमा महत्त्व राख्ने अभौतिक सांस्कृतिक सम्पदाको राष्ट्रिय सूची तयार गरी अभिलेखीकरण अनिवार्य रूपमा गर्नु पर्नेछ।”<br><u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्नेः</u><br>“(२) मन्त्रालयले उपदफा (१) बमोजिमको राष्ट्रिय सूची अद्यावधिक गरी सुरक्षा वा सांस्कृतिक संवेदनशीलताका कारण गोप्य राख्नुपर्ने (Confidential) विषय बाहेकको सूची प्रत्येक वर्ष सार्वजनिक गर्नु पर्नेछ। त्यसरी सूची सार्वजनिक गर्दा प्रणालीमा कुल सूचीकृत विषयहरू के कति हुन् र त्यसमध्ये के कति विषयहरू गोप्य |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | राखिएका छन् भन्ने कुरा डिजिटल वा प्रणालीगत कोडिङ मार्फत स्पष्ट रूपमा देखिने गरी संख्या खुलाउनु पर्नेछ।" |
| २६. | मा. अनुश्का श्रेष्ठ | ४ | **दफा ४ को सट्टा देहायको दफा ४ राख्नुपर्ने:**<br>"४. **अभौतिक सांस्कृतिक सम्पदाको सूचीकरण:** (१) अभौतिक सांस्कृतिक सम्पदाको सूचीकरण स्थानीय सूची, प्रदेश सूची र राष्ट्रीय सूची गरी तीन तहमा गरिनेछ।<br>(२) स्थानीय सूची, प्रदेश सूची वा राष्ट्रिय सूचीमा कुनै अभौतिक सांस्कृतिक सम्पदा समावेश गर्ने वा हटाउने निर्णय सम्बन्धित तहको सिफारिस समितिको सिफारिसका आधारमा गरिनेछ।<br>(३) उपदफा (१) बमोजिम कुनै अभौतिक सांस्कृतिक सम्पदा सूचीमा समावेश गर्ने वा हटाउने प्रस्ताव भएमा सम्बन्धित समुदाय, समूह वा सरोकारवालालाई कम्तीमा तीस दिनअघि सूचना दिनुपर्नेछ।<br>(४) निर्णयका लागि सम्बन्धित समुदाय, समूह वा सरोकारवालाबाट थप जानकारी, प्रमाण वा राय आवश्यक भएमा त्यस्तो सूचना प्राप्त भएको मितिले दश दिनभित्र उपलब्ध गराउन सक्ने अवसर प्रदान गरिनेछ।<br>(५) सूचीमा समावेश गर्ने वा हटाउने निर्णय गर्दा सम्बन्धित समुदाय, समूह वा सरोकारवालाको राय तथा प्राप्त जानकारीलाई उचित रूपमा विचार गरिनुपर्नेछ।" |
| २७. | मा. गुरु प्रसाद बराल | ४ | **उपदफा (५) पछि देहायको उपदफा (६) थप गर्नुपर्ने:**<br>"(६) मन्त्रालयले हाम्रा मौलिक अभौतिक सांस्कृतिक सम्पदाहरूको राष्ट्रिय सूची तयार गरी युनेस्कोमा समेत सूचीकरण गर्नु पर्नेछ।" |
| २८. | मा. कमल सुबेदी | ४ | **उपदफा (५) पछि देहायको उपदफा (६) थप गर्नुपर्ने:** |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | "(६) थारू तथा आदिवासी जनजातिका अति लोपोन्मुख सम्पदाहरूका लागि छुट्टै शीघ्र संरक्षण सूची (Urgent Safeguarding List) तयार गरी विशेष बजेट र आधुनिक प्रविधि (AI/Digital Archiving) को उपयोग गरिनेछ।" |
| २९. | मा. परशुराम तामाङ्ग | ५ | **<u>उपदफा (१) को खण्ड (च) पछि देहायको खण्ड (छ) थप गरी खण्डक्रम मिलाउनुपर्नेः</u>**<br>"(छ) आदिवासी तथा स्थानीय परम्परागत समुदायका प्रतिनिधि ५ जना -सदस्य" |
| ३०. | मा. गणेश बहादुर विश्वकर्मा | ५ | **<u>उपदफा (१) को खण्ड (च) पछि देहायको खण्ड (छ) थप गरी खण्डक्रम मिलाउनुपर्नेः</u>**<br>"(छ) कम्तीमा १ जना दलित सांस्कृतिक विज्ञ वा सम्पदा वाहकको प्रतिनिधि -सदस्य" |
| ३१. | मा. गणेश पराजुली | ५ | **<u>उपदफा (१) को खण्ड (च) पछि देहायका खण्ड थप गरी खण्डक्रम मिलाउनुपर्नेः</u>**<br>(छ) प्रतिनिधि, आदिवासी जनजाति आयोग -सदस्य<br>(ज) प्रतिनिधि, राष्ट्रिय समावेशी आयोग -सदस्य<br>(झ) सम्बन्धित अभौतिक सांस्कृतिक सम्पदासँग प्रत्यक्ष सम्बन्धित समुदायबाट कम्तीमा एक जना महिला सहित दुई जना प्रतिनिधि, -सदस्य<br>(ञ) स्थानीय तह वा प्रदेश सरकारको संस्कृतिसम्बन्धी विषय हेर्ने निकायबाट एक जना प्रतिनिधि -सदस्य<br>(ट) अभौतिक सांस्कृतिक सम्पदा, मानवशास्त्र, समाजशास्त्र, कानून, अभिलेखीकरण वा सांस्कृतिक अधिकारसम्बन्धी विषय विज्ञमध्येबाट मन्त्रालयले मनोनीत गरेको एक जना -सदस्य |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| ३२. | मा. नरेन्द्र कुमार केरुङ | ५ | **<u>उपदफा (१) को खण्ड (च) पछि देहायको खण्ड (छ) राखी खण्डक्रम मिलाउनुपर्नेः</u>**<br>"(छ) नेपाल आदिवासी जनजाती महासंघको एक जना प्रतिनिधि -सदस्य" |
| ३३. | मा. सुम्नीमा उदास | ५ | **<u>उपदफा (१) को खण्ड (च) पछि देहायका खण्ड (छ) र (ज) राखी खण्डक्रम मिलाउनुपर्नेः</u>**<br>"(छ) नेपाल सरकारले मनोनित गरेको गाउँपालिका वा नगरपालिकाको प्रतिनिधि -सदस्य<br>(ज) अभौतिक सम्पदा संरक्षणसम्बन्धी कार्यमा संलग्न नेपाल सरकारले मनोनित गरेको एक जना विज्ञ व्यक्ति -सदस्य " |
| ३४. | मा. सुशील खड्का | ५ | **<u>उपदफा (५) पछि देहायको उपदफा (६) थप गर्नुपर्नेः</u>**<br>"(६) उपदफा (१) बमोजिम सूचीकरणका लागि मन्त्रालयमा सिफारिस गर्दा सम्बन्धित सम्पदा वा व्यक्तिको देहायबमोजिमका विवरणहरू खुलाएर पेस गर्नु पर्नेछः-<br>(क) सम्पदाको नाम, त्यसको ऐतिहासिक पृष्ठभूमि, वर्तमान अवस्था र त्यसको सांस्कृतिक वा सामाजिक मूल्य र महत्त्व<br>(ख) पुस्तान्तरणको अवस्था, पुस्तान्तरणको वंश वा परम्परागत शृङ्खला, र उक्त परम्पराले समाजमा पारेको प्रभाव<br>(ग) उक्त सम्पदालाई स्पष्ट रूपमा बुझ्न वा व्याख्या गर्न मद्दत गर्ने श्रव्य-दृश्य विवरण, फोटो, अडियो-भिडियो वा अन्य प्रमाणित सामग्रीहरू।"<br>(७) "उपदफा (१) बमोजिम राष्ट्रिय सूची तयार गर्दा र यसरी सिफारिस गर्दा जुन समुदाय वा समूहको अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण वा अद्यावधिक गर्न लागिएको हो, सो प्रक्रियामा सम्बन्धित समुदायको प्रतिनिधित्व र अनिवार्य उपस्थिति हुनु पर्नेछ।" |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| ३५. | मा. प्रकाश चन्द्र परियार | ५ | **उपदफा (१) को खण्ड (च) पछि देहायको खण्ड (छ) थप गरी त्यसपछिको खण्डक्रम मिलाउनुपर्नेः**<br>- "(छ) प्रतिनिधि, चलचित्र विकास बोर्ड -सदस्य" |
| ३६. | मा. गुरु प्रसाद बराल | ५ | **उपदफा (१) को खण्ड (च) पछि देहायको खण्ड (छ) थप गरी त्यसपछिको खण्डक्रम मिलाउनुपर्नेः**<br>"(छ) पुरातत्त्वविद् -सदस्य" |
| ३७. | मा. गणेश पराजुली | ६ | **उपदफा (३) पछि देहायको उपदफा (४) थप गर्नुपर्नेः**<br>"(४) सिफारिस समितिले राष्ट्रिय सूचीमा समावेश गर्ने, अद्यावधिक गर्ने वा सूचीबाट हटाउने सिफारिस गर्नुअघि सम्बन्धित समुदाय, स्थानीय तह, अभ्यासकर्ता, जीवित मानव सम्पदा, महिला, युवा तथा सरोकारवालासँग आवश्यक परामर्श, स्थलगत छलफल वा सार्वजनिक सुनुवाइ गर्न सक्नेछ।" |
| ३८. | मा. परशुराम तामाङ्ग | ७ | **खण्ड (ख) मा रहेको,**<br>- **"लागि परम्परागत रूपमा उपयोग गरी आएको"** भन्ने शब्दहरूको सट्टा **"संरक्षण गर्न प्रथाजन्य परम्परागत संस्था,"** भन्ने शब्दहरू थप गर्नुपर्ने।<br>**खण्ड (च) मा रहेको,**<br>- **"उपभोग गर्ने"** भन्ने शब्दहरू पछि **"तर त्यस्तो सांस्कृतिक सम्पदाको पूर्ण वा आंशिक व्यापारिक, व्यावसायिक प्रयोजन गर्न सम्बन्धित समुदायको सहमति लिनुपर्ने र प्रयोजनबाट प्राप्त लाभमा समुदायको हिस्सा करार बमोजिम हुनेछ"** भन्ने शब्दहरू राख्नुपर्ने। |
| ३९. | मा. गणेश पराजुली | ७ | **उपदफा (१) को खण्ड (ट) पछि देहायका खण्ड (ठ), (ड), (ढ) र (ण) थप गर्नुपर्नेः** |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | "(ठ) अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण, अभ्यास, पुस्तान्तरण तथा पुनर्जीवनीकरणमा स्थानीय तह, प्रदेश सरकार वा नेपाल सरकारबाट आवश्यक सहयोग, समन्वय र स्रोत माग गर्ने,<br>(ड) अभौतिक सांस्कृतिक सम्पदाको व्यावसायिक उपयोग, प्रकाशन, प्रसारण, डिजिटल अभिलेखीकरण वा पर्यटन प्रयोजनबाट प्राप्त लाभमा सांस्कृतिक लाभ साझेदारीको अधिकार प्रयोग गर्ने,<br>(ढ) सम्बन्धित समुदायको सहमति बिना अभौतिक सांस्कृतिक सम्पदाको नाम, प्रतीक, ज्ञान, विधि, अनुष्ठान, पोशाक, संगीत, नृत्य, परिकार, खेल वा सांस्कृतिक पहिचानको भ्रामक, अपमानजनक वा अनुचित व्यावसायिक उपयोग रोक्न सम्बन्धित निकायमा उजुरी गर्ने,<br>(ण) युवा पुस्तालाई अभौतिक सांस्कृतिक सम्पदाको अभ्यास, अनुसन्धान, दस्तावेजीकरण र पुस्तान्तरणमा सहभागी गराउने।" |
| ४०. | मा. डा. प्रमिला कुमारी गच्छदार | ७ | <u>**उपदफा (१) मा रहेको खण्ड (च) पछि देहायको खण्ड (छ) थप गरी त्यसपछिको खण्डक्रम मिलाउनुपर्ने:**</u><br>"(छ) व्यावसायिक उपभोगबाट प्राप्त लाभको न्यायोचित बाँडफाँट गर्ने"। |
| ४१. | मा. नरेन्द्र कुमार केरुङ | ७ | <u>**उपदफा (१) मा देहायको खण्ड (ठ) थप गर्नुपर्ने:**</u><br>"(ठ) सांस्कृतिक पर्यटनको रूपमा कुनै पनि अभौतिक सांस्कृतिक सम्पदाको परिभाषा भित्र पर्ने सांस्कृतिक प्रख्यातिले आर्थिक रूपमा दिनसक्ने लाभलाई हेरी सम्बद्ध समुदायको सांस्कृतिक एकस्व अधिकार "Patent Rights" को संरक्षण गर्ने।" |
| ४२. | मा. गणेश कार्की | ७ | <u>**उपदफा (१) मा देहायको खण्ड (ठ) थप गर्नुपर्ने:**</u> |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | "(ठ) अभौतिक सांस्कृतिक सम्पदाको प्रतिलिपि अधिकार तथा पेटेन्ट दर्ता गराउने।"<br>देहायको उपदफा (३) र (४) थप गर्नुपर्नेः<br>"(३) समुदायले संरक्षण गरिरहेको सम्पदाको उपयोग गरी गरिने व्यापारिक आर्थिक गतिबिधिबाट प्राप्त गरिएको नाफाबाट तोकिए बमोजिम रोयल्टी सम्बन्धित समुदायको कोषमा दाखिला गर्नु पर्नेछ।<br>(४) यस दफामा अन्यत्र जे सुकै लेखिएको भए तापनि कला, पुस्तक, चलचित्रको सिर्जना र उत्पादन तथा कुनै पनि अध्ययन वा सोधलाई समुदायको संरक्षण गर्ने अधिकार वा रोयल्टीको कारणले रोक्न वा बाधा गर्न पाइने छैन।" |
| ४३. | मा. गणेश बहादुर विश्वकर्मा | ८ | उपदफा (२) को खण्ड (घ) पछि देहायका खण्ड (ङ) थप गरी त्यसपछिका खण्डक्रम मिलाउनुपर्नेः<br>"(ङ) कुनै पनि अभौतिक सांस्कृतिक सम्पदासँग सम्बन्धित कलाकार, परम्परा वा समुदायमाथि जातीय छुवाछूत तथा विभेद वा बहिष्कार गरिएमा कानून बमोजिम कारबाही गर्नेछ।"<br>देहायको उपदफा (३) थप गर्नुपर्नेः<br>"(३) जातीय छुवाछूत, लैगिक विभेद, वा सामाजिक बहिष्करणका कारण संकटमा परेका सांस्कृतिक सम्पदाको संरक्षणका लागि आवश्यक उपाय सिफारिश गर्ने थप गर्ने।" |
| ४४. | मा. गणेश पराजुली | ८ | उपदफा (२) को खण्ड (ङ) पछि देहायका खण्ड थप गरी त्यसपछिको खण्डक्रम मिलाउनुपर्नेः |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | "(च) विद्यालय, विश्वविद्यालय तथा प्राविधिक शिक्षण संस्थासँग समन्वय गरी मौलिक संस्कृति, परम्परागत ज्ञान, स्थानीय इतिहास, भाषा, कला, सिप र सामाजिक सद्भाव सम्बन्धी शैक्षिक सामग्री, अनुसन्धान तथा अभ्यासमुखी कार्यक्रम प्रवर्धन गर्ने,<br>(छ) स्नातक तह वा सोभन्दा माथिका युवा विद्यार्थी तथा पेशागत जनशक्तिलाई प्रदेश, स्थानीय तह र समुदायसँग समन्वय गरी राष्ट्रिय सांस्कृतिक आदानप्रदान, समुदायमा आधारित अध्ययन, होमस्टे सहभागिता, स्थानीय समस्या पहिचान र समाधान प्रतिवेदन तयार गर्ने कार्यक्रम सञ्चालन गर्न सक्ने,<br>(ज) अभौतिक सांस्कृतिक सम्पदाको संरक्षणको नाममा प्राप्त वैदेशिक सहयोग, गैरसरकारी स्रोत वा परियोजना सञ्चालन गर्दा उद्देश्य, बजेट, साझेदार, स्थानीय सहमति र अपेक्षित प्रभाव सार्वजनिक गर्ने पारदर्शी मापदण्ड बनाउन सक्ने,<br>(झ) प्रलोभन, डर, दबाब, गलत सूचना वा आर्थिक लाभको दुरुपयोग गरी कुनै समुदायको मौलिक सांस्कृतिक अभ्यास, आस्था, परम्परा वा पहिचानलाई क्षति पुऱ्याउने कार्य सम्बन्धमा प्रचलित कानूनको अधीनमा रही सम्बन्धित निकायसँग समन्वय गर्ने,<br>(ञ) कुनै धर्म, संस्कृति वा समुदायप्रति भेदभाव, घृणा वा असहिष्णुता फैलिने गरी यस ऐनको प्रयोग हुन नदिने,<br>(ट) अभौतिक सांस्कृतिक सम्पदाको सुरक्षित डिजिटल अभिलेख, खुला शैक्षिक सामग्री र संवेदनशील अभिलेखको सीमित पहुँचसम्बन्धी मापदण्ड बनाउने,<br>(ठ) अभौतिक सांस्कृतिक सम्पदासँग सम्बन्धित जात्रा, पर्व, मेला, अनुष्ठान, सांस्कृतिक पथ र अभ्यास स्थलमा सरसफाइ, सार्वजनिक शौचालय, लाइन व्यवस्थापन, अपाङ्गता-मैत्री पहुँच, प्राथमिक उपचार, भीड व्यवस्थापन र सुरक्षासम्बन्धी न्यूनतम मापदण्ड बनाउन सम्बन्धित स्थानीय तहसँग समन्वय गर्ने।<br>(ड) तोकिएबमोजिमका अन्य कार्य गर्ने।" |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | **उपदफा (२) पछि देहायको उपदफा (३) थप गर्नुपर्नेः**<br>"(३) नेपाल सरकारले नेपालका ऐतिहासिक जात्रा, पर्व, परम्परा, प्रदर्शन कला, सामाजिक अभ्यास, अनुष्ठान, उत्सव, परम्परागत ज्ञान, सिप तथा अभौतिक सांस्कृतिक सम्पदासँग प्रत्यक्ष रूपमा सम्बन्धित भौतिक, ऐतिहासिक, धार्मिक र सांस्कृतिक पक्षहरूको पहिचान, अभिलेखीकरण, संरक्षण, संवर्धन र प्रवर्धन गरी राष्ट्रिय महत्त्वका जीवन्त सांस्कृतिक सम्पदालाई UNESCO को Intangible Cultural Heritage सूची तथा अन्य सम्बन्धित अन्तर्राष्ट्रिय सांस्कृतिक सम्पदा सूची वा मान्यता प्रणालीमा सूचीकृत गराउन आवश्यक अध्ययन, समुदायको सहमति, दस्तावेजीकरण, नामांकन तथा कूटनीतिक पहल गर्ने।" |
| ४५. | मा. सुशील खड्का | ८ | **उपदफा (२) मा देहायका खण्ड (क) र (ख) थप गरी त्यसपछिको खण्डक्रम मिलाउनुपर्नेः**<br>"(क) नेपाल भित्र रहेका सम्पूर्ण अभौतिक सांस्कृतिक सम्पदाहरूको विवरण, संकलन, र अभिलेखलाई व्यवस्थित रूपमा संकलन गरी राख्ने र त्यसको संरक्षण गर्ने, अभिलेखीकरण गर्दा अभौतिक सांस्कृतिक सम्पदाको अधिकारिक र एकीकृत अभिलेख (Centralized Database) राख्नुपर्ने छ र त्यस्ता सम्पदाको इतिहास, प्रविधि र अभ्यासकर्ता समुदाय वा मानवको विवरण समेटेर भौतिक र डिजिटल अभिलेख निर्माण गर्नुपर्ने छ।<br>(ख) अभौतिक सांस्कृतिक सम्पदासम्बन्धी अध्ययन, अनुसन्धान र अन्वेषणबाट प्राप्त विवरणहरूलाई अन्तर-निकाय समन्वयमार्फत व्यवस्थित गर्न मन्त्रालयले एक एकीकृत सूचना आदानप्रदान संयन्त्रको स्थापना गर्नेछ।"<br>**उपदफा (२) मा खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ज) हटाई देहायका खण्ड (ज), (झ), (ञ), (ट) र (ठ) थप गर्नुपर्नेः**<br>"(ज) हाल प्रचलनबाट हराइसकेका, लोपोन्मुख वा जोखिममा परेका अभौतिक सांस्कृतिक सम्पदाहरूको संकटको अवस्थाका आधारमा वैज्ञानिक वर्गीकरण गर्ने |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (झ) यदि कुनै अभौतिक सांस्कृतिक सम्पदा लोप हुन लागेको, संकटमा परेको वा त्यसको अभ्यासकर्ताको संख्या एकदमै न्यून भई नासिन लागेको जानकारी प्राप्त भएमा, सम्बन्धित मन्त्रालयले तत्काल प्राथमिकतामा राखी त्यसको अभिलेखीकरण गर्ने<br>(ञ) दफाक्रम मिलाउँदा कायम हुने खण्ड (झ) सँग सम्बन्धित अभौतिक सांस्कृतिक सम्पदाको आवश्यक भौतिक वस्तुहरू, औजारहरू, श्रव्य-दृश्य सामग्री र ज्ञानलाई तत्काल संकलन गरी सुरक्षित रूपमा अभिलेख गरिनुपर्नेछ।<br>(ट) मन्त्रालयले संकटापन्न अवस्थामा रहेका अभौतिक सांस्कृतिक सम्पदाहरूको निरन्तरताका लागि पुस्तान्तरणको आवश्यकता देखिएमा सो कार्यलाई प्रवर्धन गर्न तत्कालै प्रभावकारी उपायहरू अवलम्बन गर्नुपर्ने छ।<br>(ठ) तोकिएबमोजिमका अन्य कार्य गर्ने" |
| ४६. | मा. परशुराम तामाङ्ग | ८क<br>(दफा थप) | <u>**दफा ८ पछि देहायको दफा ८क थप गर्नुपर्नेः**</u><br>"८क. <u>**आदिवासी तथा स्थानीय समुदायको अभौतिक सांस्कृतिक सम्पदासम्बन्धी अधिकार, काम र कर्तव्यः**</u> आदिवासी जनजाति, स्थानीय, जातीय, धार्मिक, सांस्कृतिक, भाषिक, समुदाय वा तिनका प्रतिनिधि वा संस्थालाई आआफ्नो भूगोल, आआफ्नो समुदायको परम्परागत संस्था र प्रथाजन्य कानुन अनुसार संरक्षण गर्ने, संवर्धन गर्ने, व्यक्तिगत वा सामूहिक रूपमा अभ्यास गर्ने तथा अर्को पुस्तालाई हस्तान्तरण गर्ने अधिकार हुनेछ।" |
| ४७. | मा. गणेश पराजुली | ९ | <u>**उपदफा (५) पछि देहायको उपदफा (६) थप गर्नुपर्नेः**</u> |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | - "(६) मन्त्रालयले जीवित मानव सम्पदाबाट युवा पुस्तामा ज्ञान, सिप, कला, अनुष्ठान, लोकपरम्परा, परिकार, खेल, पोशाक, संगीत वा अन्य अभौतिक सांस्कृतिक सम्पदा पुस्तान्तरण गर्न शिष्यवृत्ति, प्रशिक्षार्थी कार्यक्रम, स्थानीय विद्यालय र विश्वविद्यालय साझेदारी वा समुदायमा आधारित तालिम कार्यक्रम सञ्चालन गर्न सक्नेछ।" |
| ४८. | मा. अनुश्का श्रेष्ठ | ९ | **उपदफा (५) पछि देहायको उपदफा (६) थप गर्नुपर्ने:**<br>"(६) जीवित मानव सम्पदा, वृद्ध अभ्यासकर्ता, लोपोन्मुख सिपधारक वा परम्परागत ज्ञानधारकलाई सिफारिस समितिको सिफारिसमा सम्मान भत्ता, स्वास्थ्य बिमा, सामग्री सहायता, पुस्तान्तरण तालिम अनुदान, शिष्यवृत्ति तथा प्रशिक्षार्थी (Apprentice) सहयोग, र सामाजिक सुरक्षा सुविधा उपलब्ध गराउन सकिनेछ।" |
| ४९. | मा. गुरु प्रसाद बराल | ९ | **उपदफा (४) पछि देहायको उपदफा (५) थप गरी उपदफाक्रम मिलाउनुपर्ने:**<br>"(५) जीवन्त मानव सम्पदा र तिनले उपयोगमा ल्याएका परम्परागत रूपमा (पुस्तौं देखी) समाजमा चलिआएका रीतिरिवाजहरू, परम्पराहरू र स्वयम् मानवको आफ्नै सिर्जना एवम् सिपहरूको अभिलेखन गर्ने सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।" |
| ५०. | मा. कमल सुबेदी | ९ | **उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्ने:**<br>"(३) जीवन्त मानव सम्पदा (Living Human Treasures) घोषित रैथाने गुरु तथा संवाहकहरूलाई राज्यस्तरबाट मासिक वृत्ति (Stipend), स्वास्थ्य उपचार र रैथाने ज्ञान हस्तान्तरण तथा पाठशाला सञ्चालनका लागि विशेष बजेटको प्रत्याभूति गरिनेछ।" |
| ५१. | मा. अनुश्का श्रेष्ठ | ९क | **दफा ९ पछि देहायको दफा ९क थप गरी त्यसपछिको दफाक्रम मिलाउनुपर्ने:** |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | (दफा थप) | “९क. राष्ट्रिय सूचीमा सूचीकृत सम्पदाका लागि संरक्षण तथा पुस्तान्तरण योजना, गुरु-शिष्य कार्यक्रम, अभिलेखीकरण अनुदान, अनुसन्धान सहायता, विद्यालय तथा विश्वविद्यालयका शैक्षिक सामग्री, सांस्कृतिक पर्यटन प्रवर्धन तथा समुदाय-आधारित संरक्षणका लागि नेपाल सरकारबाट हुने पहलमा प्राथमिकता दिइनेछ।” |
| ५२. | मा. गणेश बहादुर विश्वकर्मा | १० | <u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्ने:</u><br>"(२) स्थानीय तह र स्थानीय समुदाय स्वयंले मौलिक सम्पदाको पहिचान गरी संरक्षण गर्न सक्नेछन्।" |
| ५३. | मा. डा. प्रमिला कुमारी गछदार | १० | <u>उपदफा (२) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने:</u><br>- "स्थानीय तहले कानुन बनाउँदा स्थानीय समुदायको प्रथाजन्य कानुन र परम्परालाई समेत आधार मान्नु पर्नेछ।" |
| ५४. | मा. गणेश पराजुली | १० | <u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्ने:</u><br>“(२) स्थानीय तहले स्थानीयस्तरका अभौतिक सांस्कृतिक सम्पदाको पहिचान, अभिलेखीकरण, संरक्षण, प्रवर्धन, अभ्यास स्थल व्यवस्थापन, स्थानीय समुदायको अग्राधिकार, बजेट व्यवस्थापन तथा पुस्तान्तरणका लागि कानून, मापदण्ड वा कार्यविधि बनाई कार्यान्वयन गर्न सक्नेछ।”<br><u>उपदफा (२) पछि देहायको उपदफा (३) थप गर्नुपर्ने:</u><br>“(३) उपदफा (२) बमोजिम कानून, मापदण्ड वा कार्यविधि बनाउँदा सम्बन्धित आदिवासी जनजाति, स्थानीय समुदाय, अल्पसंख्यक, गुठी, परम्परागत संस्था, महिला, युवा, जीवित मानव सम्पदा र अभ्यासकर्ताको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्नेछ।” |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| ५५. | मा. सुलभ खरेल | १०क<br>(दफा थप) | **<u>दफा १० पछि देहायको दफा १०क थप गरी त्यसपछिको दफाक्रम मिलाउनुपर्ने:</u>**<br>"**१०क. <u>अभौतिक सांस्कृतिक सम्पदा कोष:</u>** (१) अभौतिक सांस्कृतिक सम्पदाको पहिचान, संरक्षण, प्रवर्धन तथा पुस्तान्तरणका लागि एक "अभौतिक सांस्कृतिक सम्पदा कोष" स्थापना गरिनेछ।<br>(२) प्रदेश तथा स्थानीय तहले आफ्नो क्षेत्रभित्र अभौतिक सांस्कृतिक सम्पदाको पहिचान, संरक्षण, प्रवर्धन तथा पुस्तान्तरणका लागी कोष बनाउन सक्नेछ।<br>(३) कोषमा देहायका रकमहरू रहनेछन्:<br>(क) नेपाल सरकारबाट समय समयमा प्राप्त हुने अनुदान,<br>(ख) विदेशी सरकार, अन्तर्राष्ट्रिय संस्था वा अन्य वैदेशिक स्रोतबाट प्राप्त अनुदान, सहायता वा सहयोग रकम,<br>(ग) अन्य व्यक्ति, संस्था वा समुदायबाट प्राप्त स्वैच्छिक योगदान रकम।" |
| ५६. | मा. सुलभ खरेल | ११क<br>(दफा थप) | **<u>दफा ११ पछि देहायको दफा ११क थप गरी त्यसपछिको दफाक्रम मिलाउनुपर्ने:</u>**<br>"**११क. <u>कोषको प्रयोग:</u>** कोषको रकम देहायका प्रयोजनका लागि प्रयोग गरिनेछ:-<br>(क) अभौतिक सांस्कृतिक सम्पदाको पहिचान, अभिलेखीकरण तथा दस्तावेजीकरण गर्न,<br>(ख) अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण, प्रवर्धन तथा पुस्तान्तरण गर्न,<br>(ग) अभौतिक सांस्कृतिक सम्पदासम्बन्धी अनुसन्धान, अध्ययन प्रशिक्षण तथा प्रचारप्रसार गर्न,<br>(घ) अभौतिक सांस्कृतिक सम्पदासम्बन्धी कार्यक्रम, उत्सव तथा सचेतनामूलक गतिविधि सञ्चालन गर्न,<br>(ङ) विदेशमा रहेका नेपाली समुदायसँग अभौतिक सांस्कृतिक सम्पदासम्बन्धी सम्बन्धित सांस्कृतिक गतिविधिको प्रवर्धन गर्न,<br>(च) सूचीकृत जीवित सम्पदाको उचित सम्मान, कदर तथा प्रोत्साहन गर्न,<br>(छ) कोषको उद्देश्य प्राप्तिका लागि आवश्यक अन्य कार्य गर्न।" |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| ५७. | मा. गणेश पराजुली | १२ | **<u>देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने:</u>**<br>"तर त्यस्तो मापदण्ड बनाउँदा सम्बन्धित समुदायको पूर्व सुसूचित सहमति, सांस्कृतिक संवेदनशीलता, अभ्यास स्थलको मर्यादा, सार्वजनिक स्वास्थ्य तथा सरसफाइ, भीड तथा लाइन व्यवस्थापन, अपाङ्गता-मैत्री पहुँच, बालबालिका तथा ज्येष्ठ नागरिकको सुरक्षा, डिजिटल अभिलेखको गोपनीयता, सांस्कृतिक लाभ साझेदारी र स्थानीय तहसँगको समन्वयलाई अनिवार्य रूपमा समेट्नुपर्नेछ।" |
| ५८. | मा. सुलभ खरेल | १२ | <u>देहायको शब्दहरू थप गर्नुपर्ने:</u><br>- विधायन व्यवस्थापन समितिले प्रतिवेदनमा उल्लेख भई राष्ट्रिय सभाले स्वीकृत गरेको विधेयकको दफा १२ को सट्टा राखिएको दफा १२ मा रहेको "सम्बन्धमा" भन्ने शब्दको पछि "तथा कोषको प्रयोगको विषयमा" |
| ५९. | मा. सुम्नीमा उदास | दफा थप | **<u>विधेयकमा देहायका नयाँ दफा थप गर्नुपर्ने:</u>**<br>"**१. <u>अभौतिक सांस्कृतिक सम्पदा संरक्षण कोष:</u>** (१) अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण, संवर्धन, प्रवर्धन, अनुसन्धान, अभिलेखीकरण तथा व्यवस्थापनका लागि केन्द्रीय स्तरमा एउटा छुट्टै अभौतिक सांस्कृतिक सम्पदा संरक्षण कोष रहनेछ।<br>(२) कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्:-<br>(क) नेपाल सरकारबाट प्राप्त रकम,<br>(ख) कुनै सङ्घ संस्था वा व्यक्तिबाट दान, दातव्य वा उपहार स्वरूप प्राप्त रकम,<br>(ग) विदेशी सरकार, व्यक्ति वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट सहयोग, अनुदान वा ऋण स्वरूप प्राप्त रकम,<br>(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम। |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्नेछ।<br>(४) कोषको सञ्चालन तोकिएबमोजिम हुनेछ।<br>(५) कोषको रकम अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण, संवर्धन, प्रवर्धन, अनुसन्धान, अभिलेखीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यका लागि प्रयोग गरिनेछ।<br>(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको रकम नियमित प्रशासनिक कार्यको लागि खर्च गरिनेछैन ।<br>(७) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।<br>२. <u>**स्थानीय कोषसम्बन्धी व्यवस्थाः**</u> (१) अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण तथा व्यवस्थापनका लागि प्रत्येक स्थानीय तहमा अभौतिक सांस्कृतिक सम्पदा संरक्षण कोष रहनेछ ।<br>(२) स्थानीय तहहरूले आफ्नो क्षेत्रभित्र रहेका अभौतिक सांस्कृतिक सम्पदाको पहिचान, अभिलेखीकरण, संरक्षण, प्रवर्धन तथा संरक्षणात्मक क्रियाकलाप सञ्चालनका लागि सो कोष प्रयोग गर्न सक्नेछन् ।<br>(३) उपदफा (१) बमोजिमको कोषमा रहने रकम तथा त्यस्तो कोषको सञ्चालन स्थानीय समुदायको सहभागितामा तोकिए बमोजिम हुनेछ।" |
| ६०. | मा. सुशील खड्का | दफा थप | <u>**विधेयकमा देहायका नयाँ दफा थप गर्नुपर्नेः**</u><br>"**१.** <u>**विदेशी व्यक्ति वा संस्थाद्वारा गरिने अभिलेखीकरणसम्बन्धी विशेष व्यवस्थाः**</u> (१) यदि कुनै विदेशी नागरिक, विदेशी विश्वविद्यालय, अनुसन्धानकर्ता वा अन्तर्राष्ट्रिय संस्थाले नेपालभित्रका कुनै पनि अभौतिक सांस्कृतिक सम्पदाको अनुसन्धान, अध्ययन, सर्वेक्षण वा अभिलेखीकरण गर्न चाहेमा नेपाल सरकार, सम्बन्धित मन्त्रालयबाट अनिवार्य रूपमा पूर्व स्वीकृति लिनु पर्नेछ। |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (२) उपदफा (१) बमोजिम अनुमति प्राप्त गर्ने विदेशी संस्था वा अनुसन्धानकर्ताले नेपालभित्र अनुसन्धान गर्दा नेपालका अभौतिक सांस्कृतिक सम्पदासँग सम्बन्धित कार्य गर्ने स्वदेशी संस्था, विश्वविद्यालय, अनुसन्धान केन्द्र, स्थानीय तह, वा सम्बन्धित समुदायसँग अनिवार्य रूपमा साझेदारी वा सहकार्य गर्नु पर्नेछ।<br>(३) उपदफा (१) बमोजिम अनुमति प्राप्त गरी विदेशी व्यक्ति वा संस्थाले अभौतिक सांस्कृतिक सम्पदाको अभिलेखीकरण गर्दा सम्बन्धित मन्त्रालय वा मन्त्रालयले तोकेको निकायको प्रतिनिधिको अनिवार्य उपस्थिति हुनु पर्नेछ। त्यस्तो प्रतिनिधिको रोहवरमा मात्र अभिलेखीकरण सम्बन्धी कार्य सञ्चालन गर्नु पर्नेछ।<br>(४) उपदफा (१) बमोजिम अभिलेखीकरण गर्नुअघि सम्बन्धित अभ्यासकर्ता व्यक्ति वा समुदायको सहमति लिनु पर्नेछ।<br>(५) उपदफा (१) बमोजिम अनुमति प्राप्त गरी गरिएको अनुसन्धान वा अभिलेखीकरणको पूर्ण प्रतिवेदन तथा संकलित विवरणहरू मन्त्रालयले तोकेको ढाँचा र अवधिभित्र अनिवार्य रूपमा मन्त्रालयमा पेश गर्नु पर्नेछ।<br>(६) अभिलेखीकरण को ढांचा तोकिए बमोजिम हुने छ।"<br>" **२. <u>जीवन्त सामुदायिक सम्पदाः</u>** (१) मन्त्रालयले अभौतिक सांस्कृतिक सम्पदाको निरन्तर रूपमा अभ्यास, संरक्षण, र प्रवर्धन गरी पुस्तान्तरण गर्ने सामूहिक रूपमा महत्त्वपूर्ण योगदान पुऱ्याउने कुनै समुदाय, गुठी, परम्परागत संस्था वा समूहलाई सिफारिस समितिको सिफारिसमा जीवन्त समुदाय सम्पदा घोषणा गरी सूचीकरण गर्न सक्नेछ।<br>(२) उपदफा (१) बमोजिम सूचीकृत जीवन्त सामुदायिक सम्पदाको सूची अद्यावधिक गरी मन्त्रालयले प्रत्येक वर्ष सार्वजनिक गर्नु पर्नेछ ।<br>(३) उपदफा (१) बमोजिम सूचीकृत जीवन्त सामुदायिक सम्पदाको उचित सम्मान, कदर तथा प्रोत्साहन गर्नका लागि मन्त्रालयले आवश्यक व्यवस्था गर्न सक्नेछ । |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (४) मन्त्रालयले जीवन्त सामुदायिक सम्पदाको परम्परागत ज्ञान अभिलेखीकरण गर्न, प्रचारप्रसार गर्न वा त्यस्तो ज्ञानको उपयोग गर्नका लागि प्रोत्साहन गर्न सक्नेछ ।<br>(५) जीवन्त सामुदायिक सम्पदा सूचीकरण गर्ने, सम्मान वा कदर गर्ने तथा परम्परागत ज्ञानको अभिलेखीकरण गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।"<br>" **३. <u>नेपाली सांस्कृतिक सम्पदाको रूपमा पहिचानः</u>** (१) नेपालका विभिन्न क्षेत्रका विशिष्ट प्रादेशिक वा स्थानीय इतिहास र परम्पराहरूमा आधारित रहेका दफा (४) मा सूचीकृत अभौतिक सांस्कृतिक सम्पदा र तिनको अभ्यास, प्रदर्शन वा सञ्चालनमा जोडिएका भौतिक सांस्कृतिक सम्पदाहरूलाई एकीकृत रूपमा "नेपाली सांस्कृतिक सम्पदा" (Nepali Cultural Heritage) भनी पहिचान तथा सूचीकरण गरिनेछ।<br>(२) उपदफा (१) बमोजिम सूचीकृत "नेपाली सांस्कृतिक सम्पदा" सम्पदाको सूची अद्यावधिक गरी मन्त्रालयले प्रत्येक वर्ष सार्वजनिक गर्नु पर्नेछ ।<br>(३) उपदफा (१) बमोजिम सूचीकृत "नेपाली सांस्कृतिक सम्पदा" सम्पदाको प्रोत्साहन गर्नका लागि मन्त्रालयले आवश्यक व्यवस्था गर्न सक्नेछ।"<br>"**४. <u>अभौतिक सांस्कृतिक सम्पदा कोषः</u>** (१) यस ऐन बमोजिमका विशेष संरक्षण, संवर्धन र पुस्तान्तरणका कार्यहरू सञ्चालन गर्न मन्त्रालयले केन्द्रीय अभौतिक सांस्कृतिक सम्पदा कोष को स्थापना गर्नेछ।<br>(२) उक्त कोष संचालनको लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट विनियोजित बजेट, सांस्कृतिक पर्यटन र जात्राहरूबाट संकलन हुने रोयल्टी वा शुल्कको निश्चित प्रतिशत, यार्सागुम्बा, जडीबुटी तथा प्राकृतिक स्रोत साधनको संकलन बाट उठ्ने राजस्वको तोकिए बमोजिमको हिस्सा तथा विभिन्न स्वदेशी तथा विदेशी दाता, संघ संस्था वा व्यक्तिबाट प्राप्त हुने सहयोग राशि। |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (३) कोषको रकम मुख्य गरी संकटापन्न सम्पदाको प्रवर्धन, अभिलेखीकरण, अनुसन्धान र पुस्तान्तरणका जस्ता कार्यक्रममा खर्च गरिनेछ।<br>(४) यो कोषको अन्य कार्य तोकिए बमोजिम हुनेछ।"<br>" **५. <u>अभौतिक सांस्कृतिक सम्पदा प्रवर्धनः</u>** (१) अभौतिक सांस्कृतिक सम्पदामा आधारित सिप, ज्ञान, कला, परम्परा तथा अभ्यासलाई स्थानीय रोजगारी, स्वरोजगार, उद्यमशीलता, सांस्कृतिक पर्यटन तथा आयआर्जनसँग आबद्ध गरिनेछ।<br>(२) नेपाल सरकारले कुनै व्यक्ति वा संस्थाले अभौतिक सांस्कृतिक सम्पदामा आधारित सांस्कृतिक पर्यटन कार्यक्रम, सांस्कृतिक मार्ग, जीवित संग्रहालय, सांस्कृतिक ग्राम तथा अनुभवात्मक पर्यटन कार्यक्रम सञ्चालन वा प्रवर्धन गर्न सक्नेछ।"<br>"**६. <u>अभौतिक सांस्कृतिक सम्पदालाई पाठ्यक्रममा समावेश र ज्ञान हस्तान्तरणः</u>** (१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले सम्बन्धित शिक्षासम्बन्धी निकायसँग समन्वय गरी अभौतिक सांस्कृतिक सम्पदासम्बन्धी ज्ञान, सिप, इतिहास तथा अभ्यासलाई विद्यालय, प्राविधिक शिक्षा तथा उच्च शिक्षाको पाठ्यक्रममा समावेश गर्न आवश्यक व्यवस्था गर्नेछ।<br>(२) देशको पहिचान बोकेका अमूर्त सम्पदाहरूलाई विद्यालय तथा विश्वविद्यालय स्तरका पाठ्यपुस्तकमा अध्याय वा विषयकै रूपमा आबद्ध गरिनेछ।<br>(३) स्थानीय तहहरूले आफ्नो क्षेत्रको रैथाने ज्ञान र सिपलाई समेटेर "स्थानीय पाठ्यक्रम" निर्माण गरी सम्बन्धित अभ्यासकर्ता र समुदायसँगको सहकार्यमा प्रयोगात्मक अभ्यास गराउनु पर्नेछ।<br>(४) अभ्यासकर्ता र नयाँ पुस्तालाई सँगै राखेर "सामूहिक अभ्यास" लाई प्रवर्धन गर्नेछ।" |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
| --- | --- | --- | --- |
| | | | "७. **समुदायको स्वामित्व तथा अग्राधिकारः** (१) अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण, व्यवस्थापन, उपयोग, व्याख्या, दस्तावेजीकरण तथा व्यावसायिक प्रयोगसम्बन्धी निर्णय प्रक्रियामा सम्बन्धित समुदायको अग्राधिकार रहने छ।<br>(२) सम्बन्धित समुदायको पूर्वसूचित सहमति बिना कुनै अभौतिक सांस्कृतिक सम्पदाको व्यावसायिक उपयोग गर्न पाइने छैन।"<br>"८. **दिगोपन तथा संरक्षणः** वातावरणीय सन्तुलनलाई असर नपर्ने गरी अभौतिक सांस्कृतिक सम्पदाको अभ्यासका लागि आवश्यक प्राकृतिक स्रोत, परम्परागत सामग्री, सांस्कृतिक स्थल तथा ज्ञान प्रणालीको दिगो उपयोग र संरक्षण सुनिश्चित गरिनेछ।" |
| ६१. | मा. गुरु प्रसाद बराल | दफा थप | **विधेयकमा देहायका नयाँ दफा थप गर्नुपर्नेः**<br>"१. **दण्ड सजायसम्बन्धी व्यवस्थाः** अमूर्त सम्पदा सञ्चालनको लागि पुर्खाले छुट्याएको पम्परागत जग्गा र सम्पत्ति, सामग्रीको हिनामिना गरेमा, नासेमा, मासेमा प्रचलित कानुन बमोजिम दण्ड सजायको व्यवस्था हुनेछ।" |

प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११३ को उपनियम (१) मा रहेका संशोधन सम्बन्धी सर्तहरूको अधीनमा रही ऐ.ऐ. नियमको उपनियम (२) बमोजिम क्र.स. १ देखि क्र.स. ६१ सम्मका संशोधनका सूचनाहरू छलफलका लागि स्वीकृत।

…………..................

(डोल प्रसाद अर्याल)

सभामुख